# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्धारा प्रकाशित

वर्ष ७ अंक १


## भाग ३

## कालिगण्डकी गाउँपालिकाको विपद कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावनाः** विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद–७ को दफा (७) को घ र ङ संशोधन गर्न वाञ्छनीय भएकोले कालिगण्डकी गाउँपालिका कार्यपालिकाको निर्णयबाट यो कार्यविधि जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम विपद् कोष व्यवस्थापन कार्यविधि पहिलो संशोधन २०८० रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. यस कार्यविधिको परिच्छेद – ७ दफा (७) को (घ) मा रहेको घर गोठ नष्ट भएमा रु २०,०००/- को सट्टामा रु १,००,०००/- र (ङ) मा रहेको गोठ नष्ट भएमा रु. १०,०००/- को सट्टामा रु ३०,०००/- थपिएको छ।

**प्रमाणिकरणः**

**वेद बहादुर थापा**

गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मितिः २०८० असोज २१ गते आईतबार।

आज्ञाले,

**नरेश गिरी**

प्रमुख प्रशासकीय अधिकृत